## प्रस्ताव एवं निर्णयहरु :

**१) दररेट कायम गर्ने सम्बन्धमा ।**

सरावल गाउँपालिका भित्र विभिन्न निर्माण सामाग्री र दक्ष,अदक्ष कामदारको दररेट निर्धारण गर्ने सन्दर्भमा यस आ.व.२०७४/०७५ को लागि जिल्ला दररेट लाई कायम गर्ने निर्णय गारियो ।

**२) छनौट समिति गठन गर्ने सम्बन्धमा ।**

सरावल गाउँ कार्यपालिकाको कार्यालयमा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम तर्फ एकजना आइटी अफिसर सूचना प्रविधि अधिकृत छनौट गर्ने संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट स्थानीय तहबाटै छनौट गर्ने गरी स्वीकृत भई आएकोले देहाय बमोजिमको छनौट समितिको गठन गर्ने निर्णय गरियो ।

**सूचना प्रविधि अधिकृत छनौट गर्न गठित छनौट समिति**

अध्यक्षः-प्रमुख प्रशासकिय अधिकृत झविश्वर रेग्मी ।
सदस्यः- सम्बन्धित विषयको विषय विशेषज्ञ १(एक) ।
सदस्यः-लेखापाल नरेश कोहार ।

**३) भ्रमण स्वीकृत सम्बन्धमा ।**

यस सरावल गाउँपालिकाका अध्यक्ष श्री राधेश्याम चौधरी र उपाध्यक्ष श्री उत्तमा कुमारी रायको कोईका प्रोजेक्टबाट14th Decb देखि 22th Dec2017 सम्म कोरिया भ्रमणको लागि लेखि आएकोले उक्त भ्रमण स्वीकृत गरि निजहरुको रहदानी बनाउदा लागेको खर्च गाउँपालिकाले बेहोर्न निर्णय गरियो ।

**४) विपत व्यवस्थापन तालिम सम्बन्धमा ।**

यस सरावल गाउँपालिका बाढी तथा डुबान जन्य विपतको उच्च जोखिममा रहेकोले विपत व्यवस्थापन कोषबाट खर्च व्यहोर्ने गरि विपत व्यवस्थापन तालिममा रु.३७५०००।-(अक्षरुपी रु. तिन लाख पचहत्तरहजार मात्र) विनियोजन गरि विपत व्यवस्थापन तालिम संचालन गर्ने निर्णय गरियो ।